# द्विपक्षीय आदानप्रदानहरु



## भारतीय सेनाका लेफ्टिनेन्ट जनरल रन्जित सिंह, डिजी डिसी एण्ड डब्ल्युको नेपालभ्रमण

भारतीय र नेपाली सेनाबीचको सम्बन्धलाई सुदृढ पार्न भारतीय सेनाका लेफ्टिनेन्ट जनरल रन्जित सिंह, डिजी डिसी एण्ड डब्ल्युले मिति २०८२ जेठ २५–३१ गतेसम्म नेपालको औपचारिक भ्रमण गर्नुभएको थियो । भ्रमणको क्रममा लेफ्टिनेन्ट जनरलले नेपाली सेनाका प्रधान सेनापति महारथी तथा भारतीय सेनाका मानार्थ महारथी अशोक राज सिग्देलसँग नेपाली सेनाको मुख्यालयमा भेटघाट गर्नुभयो र भारत र नेपालबीच द्विपक्षीय सैन्य सम्बन्धलाई बढावा दिने, सेना–सेनाबीचको सम्बन्धलाई अझ सुदृढ पार्ने उपायहरुबारे छलफल गर्नुभयो ।

**थप पढ्नुहोस्**




## कञ्चनजङ्घा हिमालको सफल पर्वतारोहण अभियानको फ्ल्यागिङ्ग इन सेरेमनी

विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजङ्घामा भारतीय र नेपाली सेनाको सफल संयुक्त पवर्तारोहण अभियानको फ्ल्यागिङ्ग इन सेरेमनीमा सहभागीता जनाउन भारतीय सेनाका लेफ्टिनेन्ट जनरल अजय रामदेव, एसएम, डीजी आईटी मिति २०८२ जेठ १८ गते काठमाडौं आइपुग्नुभयो । सो समारोह नेपाली सेनाको मुख्यालयमा मिति २०८२ जेठ १९ गते आयोजना गरिएको थियो ।

**थप पढ्नुहोस्**



## सुरक्षा विषय सम्बन्धी भारत–नेपाल द्विपक्षीय परामर्श समूह (आईएनबिसिजिएसआई) को १६औँ बैठक

सुरक्षा विषय सम्बन्धी भारत–नेपाल द्विपक्षीय परामर्श समूह (आईएनबिसिजिएसआई) को १६ औं बैठक मिति २०८२ असार ९–१० गतेसम्म भारतको पुणेमा सम्पन्न भयो । भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारत सरकार विदेश मन्त्रालयका अतिरिक्त सचिव (उत्तर) श्री मुनु महावरले गर्नुभएको थियो भने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व नेपाल सरकार परराष्ट्र मन्त्रालयका सहसचिव (दक्षिण एसिया) श्री गेहेन्द्र राजभण्डारीले गर्नुभएको थियो । दुवै पक्षले उपकरण आपूर्ति, तालिम, क्षमता निर्माण र सैन्य आदानप्रदानका क्षेत्रमा रक्षा र सुरक्षा सहकार्यलाई अझ सुदृढ पार्ने सहमति जनाए।

**थप पढ्नुहोस्**




## इरानबाट नेपाली नागरिकहरुको उद्धार

भारत सरकारद्वारा अघि बढाइएको अपरेशन सिन्धु अन्तर्गत ९ जना नेपाली नागरिकलाई इरानबाट सुरक्षित रुपमा उद्धार गरिएको थियो; यो भारत–नेपालको बलियो मित्रता र छिमेकी प्रथम नीतिप्रतिको प्रतिबद्धताको प्रमाण हो ।

थप पढ्नुहोस्

# विकास साझेदारी



## मुस्ताङको लोमान्थाङ गाउँपालिकास्थित श्री दिव्य दीप माध्यमिक विद्यालयको लागि छात्रावास भवन र चमेना गृह निर्माणको शिलान्यास

मुस्ताङको लोमान्थाङ गाउँपालिकास्थित श्री दिव्य दीप माध्यमिक विद्यालयको लागि छात्रावास भवन तथा चमेना गृह निर्माणको लागि मिति २०८२ जेठ २५ गते नियोग उप–प्रमुख श्री प्रसन्न श्रीवास्तव र मुस्ताङको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष श्री टसी न्हर्वु गुरुङले संयुक्त रुपमा शिलान्यास गर्नुभयो ।

थप पढ्नुहोस्

# सांस्कृतिक र जनता–जनताबीचको संलग्नता




## भारतीय राजदूत क्रिकेट प्रतियोगिताको पहिलो संस्करण

काठमाडौंस्थित भारतीय राजदूतावासले २०८२ जेठ १७ गतेदेखि जेठ २५ गतेसम्म त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा भारतीय राजदूत क्रिकेट प्रतियोगिताको पहिलो संस्करण सफलतापूर्वक आयोजना गर्‍यो । प्रतियोगितामा भारतीय दूतावास, नेपालको परराष्ट्र मन्त्रालय, बेलायती दूतावास, नेपाल पत्रकार महासंघ, कर्पोरेटहरु र नेपालमा रहेका भारतीय डायस्पोराको प्रतिनिधित्व गर्ने छ टोलीहरुको उत्साहजनक सहभागीता देखिएको थियो । प्रतियोगिताको सफलताको उत्सव मनाउन मिति २०८२ जेठ २५ गते एक रिसेप्सन कार्यक्रमको आयोजना गरिएको थियो ।

थप पढ्नुहोस्



## विश्व वातावरण दिवस २०२५ को उत्सव

काठमाडौँस्थित भारतीय राजदूतावासले "प्लास्टिक प्रदूषण निर्मुल पारौँ" भन्ने नाराका साथ मिति २०८२ जेठ २२ गते विश्व वातावरण दिवस मनायो । नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तव, नेपालका माननीय वन तथा वातावरण मन्त्री श्री ऐन बहादुर शाही ठकुरी र केन्द्रीय विद्यालय, काठमाडौँका विद्यार्थीहरुले दूतावास परिसरमा बिरुवा रोपे । उक्त कार्यक्रममा दूतावासका अधिकारीहरु र भारतीय डायस्पोराका सदस्यहरुले पनि सहभागीता जनाएका थिए ।

**थप पढ्नुहोस्**



## नेपालका विभिन्न संस्थाहरुलाई ४० वटा एम्बुलेन्स उपहार प्रदान

भारत सरकारले नेपालका ७ वटै प्रदेशका ३३ जिल्लामा फैलिएका स्वास्थ्य क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरुलाई मिति २०८२ जेठ ३१ गते ४० वटा एम्बुलेन्स उपहारस्वरुप प्रदान गर्‍यो । सन् १९९४ यता भारत सरकारले नेपालभरिका विभिन्न संस्थाहरुलाई १०४९ वटा एम्बुलेन्स र ३०० वटा स्कुल बस उपहारस्वरुप प्रदान गरिसकेको छ ।

**थप पढ्नुहोस्**



## आईटेक साइबर सुरक्षा कोर्ष सफलतापूर्वक सम्पन्न भएपछिको प्रतिक्रिया र अन्तरक्रिया सत्र

नेपाल प्रहरीका अधिकारीहरुका लागि आईटेक साइबर सुरक्षा कोर्ष सफलतापूर्वक सम्पन्न भएपछि मिति २०८२ असार २ गते काठमाडौंस्थित भारतीय राजदूतावास परिसरमा प्रतिक्रिया तथा अन्तरक्रिया सत्र आयोजना गरिएको थियो । सहभागीहरुले आफ्ना अनुभव र अन्तर्दृष्टि साझा गर्नुका साथै आ–आफ्ना संस्थाहरुमा तालिम कार्यान्वयन गर्ने योजनाहरु पनि सुनाए ।

**थप पढ्नुहोस्**



## राकेश बानिकको “भोल्गादेखि ब्रह्मपुत्रसम्म” ९,००० किलोमिटर पारा–साइक्लिङ्ग अभियान

मस्कोदेखि आसामको गुवाहाटीलाई समेट्दै “भोल्गा देखि ब्रह्मपुत्रसम्म” को उल्लेखनीय ९,००० किलोमिटर पारा–साइक्लिङ्ग अभियानको अन्तिम चरणमा रहेका आसामका पारा–साइक्लिस्ट श्री राकेश बानिकलाई काठमाडौंस्थित भारतीय राजदूतावासले मिति २०८२ असार १२ गते स्वागत गर्‍यो । आफ्नो अविश्वसनीय यात्रा मार्फत श्री बानिकले अविश्वसनीय भारत र अद्भुत आसामलाई प्रवद्र्धन गर्दै भारतको समृद्ध सांस्कृतिक सम्पदा र प्राकृतिक सौन्दर्यलाई विश्व सामु प्रदर्शन गरे ।

**थप पढ्नुहोस्**




## मासिक हिन्दी साहित्य महोत्सव

काठमाडौंस्थित भारतीय राजदूतावासले मिति २०८२ असार १४ गते बाबु देवकीनन्दन खत्री, बंकिम चन्द्र चट्टोपाध्याय र विष्णु प्रभाकरको सम्झनामा मासिक हिन्दी साहित्य महोत्सव अन्तर्गत एक सेमिनार आयोजना गर्‍यो जहाँ नेपालका प्रख्यात हिन्दी विद्वानहरुले आफ्ना विचारहरु साझा गरे । काठमाडौंका विभिन्न विद्यालयका बालबालिकाहरुले पनि यी महान साहित्यकारहरुका कृतिहरु वाचन गरे ।

**थप पढ्नुहोस्**




## नेपाल–भारत मैत्री संघद्वारा आगलागी पीडित परिवारलाई राहत सहयोग

मिति २०८२ जेठ २३ गतेको आगलागीबाट प्रभावित भएको बाजुराको बुढीगंगा नगरपालिका–६ स्थित बाम्का बजारमा नेपाल–भारत मैत्री संघले ४० परिवारलाई खाद्यान्न सहयोग गर्‍यो ।

**थप पढ्नुहोस्**

# नेपालमा 11औं अन्तर्राष्ट्रिय योग दिवसको उत्सव



अन्तर्राष्ट्रिय योग दिवसको ११ औं संस्करण मनाउनका लागि काठमाडौंस्थित भारतीय राजदूतावास र वीरगंजस्थित भारतको महावाणिज्य दूतावासले काठमाडौं, पोखरा, लमजुङ, लुम्बिनी, जनकपुर, चितवन, वीरगंज, हेटौंडा, रौतहट र बरियारपुर लगायत नेपालका १० शहर र नगरपालिकाहरुमा आकर्षक कार्यक्रमहरुका श्रृंखलाहरुको आयोजना गर्‍यो।

भारतीय राजदूतावासले काठमाडौं उपत्यकामा अवस्थित छ वटा युनेस्को विश्व सम्पदा स्थलहरु अर्थात: मिति २०८१ चैत्र २५ गते पशुपतिनाथ मन्दिरमा; मिति २०८२ जेठ २३ गते काठमाडौं दरबार स्क्वायरमा; मिति २०८२ जेठ २६ गते बौद्धनाथ स्तुपा र स्वयम्भूनाथ स्तुपामा; मिति २०८२ जेठ २७ गते चाँगुनारायण मन्दिरमा; २०८२ जेठ ३१ गते पाटन दरबार स्क्वायरमा योग आसन प्रदर्शनहरु आयोजना गर्‍यो। यसका साथै मिति २०८२ जेठ ३० गते काठमाडौंस्थित केन्द्रीय विद्यालयमा, मिति २०८२ असार १ गते काठमाडौंस्थित इसिमोडको मुख्यालयमा र मिति २०८२ असार ५ गते लमजुङमा समेत योग सत्रहरु आयोजना गरिएको थियो । यस्तै भावनाका साथ भारतीय राजदूतावासले मिति २०८२ असार ५ र ६ गते सराङकोट भ्युपोइन्ट, पुम्दीकोटमा अवस्थित शिव मन्दिर, अनादु पहाडमा रहेको शान्ति स्तुपा र पोखरामा रहेको फेवा तालको शान्त किनारमा योग प्रदर्शनहरुको आयोजना गर्‍यो।

राजदूतावासले मिति २०८२ असार ६ गते युनेस्को विश्व सम्पदा स्थलको रुपमा परिचित लुम्बिनी सांस्कृतिक क्षेत्रमा रहेको प्रतिष्ठित राजकुमार सिद्धार्थको मूर्ति र माया देवी मन्दिरमा भव्य योग प्रदर्शनको आयोजना गर्‍यो। उक्त कार्यक्रममा लुम्बिनीका माननीय प्रदेश प्रमुख श्री कृष्णबहादुर घर्ती र नेपालका माननीय युवा तथा खेलकुद मन्त्री श्री तेजु लाल चौधरीले मुख्य अतिथिको रुपमा उपस्थिति जनाउनुभएको थियो ।

सन् २०२५ मा नेपालमा भारतीय राजदूतावासले आयोजना गरेको अन्तर्राष्ट्रिय योग दिवस समारोहको मुख्य आकर्षणमा मिति २०८२ असार ७ गते पोखराको रंगशालामा आयोजित भव्य योग प्रदर्शन रहेको थियो । उक्त कार्यक्रममा त्यस क्षेत्रभरिका ७००० भन्दा बढी योग अभ्यासकर्ताहरुको उत्साहजनक सहभागीता रहेको थियो र साथै गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री सुरेन्द्र राज पाण्डे र पोखरा महानगरपालिकाका मेयर श्री धनराज आचार्यले पनि यसमा सहभागीता जनाउनु भएको थियो ।

**थप पढ्नुहोस्**

# भारतमा भएका विकासहरू



## प्रतिष्ठित चिनाब पुलको उद्घाटन

भारतका माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीले जम्मू र कश्मीरमा मिति २०८२ जेठ २३ गते विश्वको सबैभन्दा अग्लो रेलवे आर्च पुल, प्रतिष्ठित चिनाब पुलको उद्घाटन गर्नुभयो । यो पुल २७२ किलोमिटर लामो परियोजनाको रुपमा रहेको उधमपुर–श्रीनगर–बारामुला रेलवे लिंकको एक हिस्सा हो । यो पुलले जम्मू र कश्मीरलाई भारतको बाँकी भागसँग जोड्न महत्वपूर्ण भूमिका खेल्नुका साथै कटरा र श्रीनगरबीचको यात्रा समयलाई घटाई केवल ३ घण्टाको बनाउनेछ ।


**थप पढ्नुहोस्**




## डिजिटल इन्डियाको १० वर्ष

भारतका माननीय प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मिति २०७२ असार १६ गते सुरु गर्नुभएको महत्वाकांक्षी पहलको रुपमा परिचित डिजिटल इन्डिया वर्षौंदेखि क्रान्तिको रुपमा विकसित भएको छ र बहुसंख्यक भारतीयहरुको जीवनलाई छुने जनआन्दोलनको रुपमा देखा परेको छ । आधार, यूपीआई र डिजिलकर जस्ता पहलहरुको कार्यान्वयनले फेसलेस, क्यासलेस र पेपरलेस शासनलाई सक्षम बनाएको छ जसले बलियो, मजबुत र सुरक्षित डिजिटल इन्डियाको जग बसालेको छ ।

**थप पढ्नुहोस्**




## एक मौन क्रान्तिः भारतद्वारा विश्वव्यापी रुपमै सामाजिक सुरक्षा दायरामा अभूतपूर्व वृद्धि हासिल

अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार भारतले सामाजिक सुरक्षा दायरामा विश्वव्यापी रुपमै अभूतपूर्व वृद्धि हासिल गरेको छ – सन् २०१५ मा १९% बाट बढेर सन् २०२५ मा ६४.३% पुगेको छ, जसले ९४ करोडभन्दा बढी नागरिकहरुलाई सामाजिक सुरक्षा प्रदान गरेको छ ।

**थप पढ्नुहोस्**




## ग्रुप क्याप्टेन शुभांशु शुक्ला – अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन (आइएसएस) जाने पहिलो भारतीय

भारतीय अन्तरिक्ष यात्री ग्रुप क्याप्टेन शुभांशु शुक्ला १.४ अर्ब भारतीयहरुको इच्छा, आशा र आकांक्षा बोकेर अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशन जाने पहिलो भारतीय बने । ग्रुप क्याप्टेन शुक्ला आइएसएसमा निजी रुपमा संचालित एक्सिओम मिशन ४ को लागि मिशन पाइलटको रुपमा कार्यरत छन् ।

थप पढ्नुहोस्

## 13औं राहदानी सेवा दिवस



विदेश मंत्री
भारत

Minister of External Affairs
India

सत्यमेव जयते

**MESSAGE**

It gives me immense pleasure to join all our Passport Issuing Authorities in India and abroad on the occasion of the 13th Passport Seva Divas on 24 June 2025.

"*Seva, Sushasan and Garib Kalyan*" are three key pillars of governance that would lead us to a Viksit Bharat. They are all reflected with prominence in our "Passport Seva Programme". In the last 11 years, there has been a paradigm shift in the public service delivery, from just over 91 lakh passports in 2014, we have reached 1.46 crore passports in 2024.

In line with the Government of India's commitment to deliver next level of citizen-centric service, I am delighted to inform that we have rolled out PSP V2.0 across the country. This would leverage advanced, high-end emerging technologies. The pilot testing of Global PSP Version 2.0 is currently under progress and shall also be rolled out in a phased manner in all Indian Embassies/Consulates.

Another important milestone is the ongoing roll out of the e-Passport. The contactless reading of data stored in the chip facilitates the ease of travel for Indian citizens and their smoother interface with Immigration Authorities. The launch of mPassport Police App has substantially brought down the Police Verification time to 5-7 days in 25 States/UTs where mPassport Police App has been implemented.

In the last one year, 10 new Post Office Passport Seva Kendras (POPSKs) have been opened in the country. The 450th POPSK was opened at Kushinagar in April 2025. We have reached the remotest areas of our country through our mobile van facilities which have enhanced the ease of passport services for citizens living in far flung areas. It has helped our professionals and workers to access the global workplace.

I take this opportunity to congratulate everyone at Passport Offices (PO), Passport Seva Kendras (PSK), Post Office Passport Seva Kendras (POPSK) and all partners of Passport Seva Programme, including the Department of Posts, India Security Press at Nashik, State Police authorities, our service providers and others for their dedication in rendering passports and related services collectively to our citizens.

Happy Passport Seva Divas!

(Dr. S. Jaishankar)

मिति २०८२ असार १० गते १३ औं राहदानी सेवा दिवसको अवसरमा
भारतका माननीय विदेशमन्त्री डा. एस. जयशंकरको सन्देश ।

थप पढ्नुहोस्